मिति : २०८०/०७/२०, कापा बैठक संख्याः११-०८०/८१

<u>प्रस्तावहरु</u>

११.१ आन्तरिक नियन्त्रण प्रणली  कार्यविधि र सेवा प्रवाह मापदण्ड सम्बन्धमा,

११.२  अध्ययन तथा अवलोकन भ्रमण सम्बन्धमा,

११.३ विविध ।

<u>निर्णयहरु</u>

११.१ आन्तरिक नियन्त्रण प्रणाली र सेवा प्रवाह मापदण्ड सम्वन्धमा

आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि र सेवा प्रवाह मापदण्ड  निर्माणका लागि परामर्शदाता संस्था आरम्भ कन्सल्टिंग प्रा.लि., बुटवल र यस गाउँपालिका बिच मिति २०८०/०५/२६ मा सम्झौता भई कार्यादेश समेत जारी भएको र उक्त संस्थाबाट  मिति २०८०/०६/११ मा अभिमुखिकरण कार्यक्रम समेत समास भएकोमा आरम्भ कन्सल्टिंग प्रा.लि., बुटवल प्रारम्भिक मस्यौदा तयार भई छलफलका लागि मिति २०८०/०७/२० गतेको कार्यपालिका बैठकमा पेश भएको आन्तरिक नियन्त्रण प्रणली कार्यविधि र सेवा प्रवाह मापदण्डमाथि  विस्तृत छलफल भई उठेका विषयवस्तु समेटी पेश भएको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि र सेवा प्रवाह सम्वन्धी मापदण्ड,२०८० लाई छलफलमा उठेका विषयवस्तु समेटी अन्तिम प्रतिवेदन १५ दिन भित्र पेश गर्नेका लागि परामर्शदाता संस्थालाई निर्देशन दिने।

११.२  अध्ययन अवलोकन भ्रमण सम्वन्धमा

कञ्चन गाउँपालिका शिक्षा समितिका सदस्य र सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूको लागि मिति २०८०/०७/२१ देखि २४ गते सम्म कपिलवस्तु, दाङ्ग, सुर्खेत, बाँके, बर्दिया र कञ्चनपुरको विभिन्न पर्यटकिय स्थल र नमूना माध्यमिक  विद्यालयको अध्ययन अवलोकन गर्नको  लागि  कञ्चन विकास योजनाको पृष्ठ नं.५८ सि.नं. १३४ मा रहेको अन्तर स्थानीय तह अन्तर्गत असल अभ्यासहरुको अध्ययान अवलोकन भ्रमण खर्च शिर्षक नं.२२६१२ (आन्तरिक श्रोत नगद) शिर्षकमा रहेको रु ८,००,०००/- (अक्षरुपी आठ लाख मात्र/-) बाट रु ३,००,०००/- (अक्षरुपी तीन लाख मात्र/) बाट रकम भुक्तानी गर्ने गरी अध्ययन अवलोकन भ्रमणका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

११.३  विविध

(क) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८०को प्रारम्भिक मस्यौदा सम्वन्धमा

मिति २०८०/०७/०२ मा गठित कार्यदलबाट पेश भएको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन  कार्यविधि,२०८० को प्रारम्भिक मस्यौदा माथि आवश्यक छलफल भयो । उक्त मस्यौदाको थप अध्ययन गरी आवश्यक परिमार्जन सहित अर्को बैठकम पेश गर्ने,

मिति : २०८०/०७/२०, कापा बैठक संख्याः११-०८०/८१

**(ख) कार्यदल निर्माण सम्वन्धमाः-** सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० को मस्यौदा निर्धारण गर्नका लागि देहाय अनुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक- मौसमी थापा मगर (गाउँपालिका उपाध्यक्ष)
सदस्य- सागर गौतम (प्रमुख प्रशासकीय अधिकृत)
सदस्य- श्री हरिनारायण थारु ( वन वातावरण तथा विपद् व्यवस्थापन समिति)
सदस्य- श्री शुशिला थापा (कार्यपालिका सदस्य)
सदस्य- श्री चित्रलाल तुलाचन (कार्यपालिका सदस्य)
सदस्य- श्री सन्तोष गैरे (लेखा अधिकृत)
सदस्य सचिव- श्री विपिन भट्टराई (वन प्राविधिक)

**(ग) बिल भुक्तानी सम्वन्धमाः** ईलाका प्रहरी कार्यालय, रुद्रपुरको च.नं.१७१ मिति २०८०/०६/३० गतेको पत्र लगत इस्टिमेट, मर्मत आदेश जिन्सी दाखिला फारम समेतका आधारमा नेपालीहरुको महान चाड विजय दशमी तथा शुभदिपावली, छठ लगायतका पर्वहरुमा झै झगडा हुन सक्न सम्भावना भएको र प्रहरी टोलीबाट नियमित रुपमा गस्ति बढाई सामाजमा शान्ती सुरक्षा र अमनचयन कायम राखी सामाजिक सद्भाव कायम राख्नका लागि गाडीको आवश्यकता पर्ने हुँदा ईलाका प्रहरी कार्यालय, रुद्रपुरको नाममा रहेको बा १ झ ७४२४ नं. को गाडी मर्मत वापत रु ५०,०००/- (अक्षरुपी पचास हजार मात्र /-) कञ्चन विकास योजनाको पृष्ठ नं. ५० सि.नं. २४ खर्च शिर्षक नं.२२२१३ (राजस्व वाडफाड – संघिय सरकार नगद ) शिर्षकमा रहेको रु १५,००,०००/- अक्षरुपी पन्ध्र लाख बाट) भुक्तानी दिने ।

**(घ) कालो सूचिका सिफारिस गर्नका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमाः** आ.व. २०७८/७९ को ठेक्का नं. KRM/ WORKS /02/078/79 र आ.व.२०७९/८० को ठेक्का नं. KRM/ WORK/NCB/02/079/80 का आयोजनाहरु Consturuction Of Bagahi Road to Bajbajaha Dayanagar Blacktop Road at Kanchan Ward no2 र Consturuction Of Harnachaur to Mangolian Chaok Blacktop Road का लागि Samriddhi Yashasvi construction pvt.ltd Kathmandu-10 सँग क्रमशः मिति २०७८/०८/२७ र २०७९/११/१० मा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेकोमा पटक–पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत कार्य प्रगति अगाडी नबढेको, उक्त सम्झौताको म्याद थप समेत नहुँदा विगत लामो समय देखि योजना अलपत्र परेको हुँदा कार्वाही गर्ने प्रकृया अगाडि बढाउनका लागि निजलाई ठेक्का सम्झौता अन्त्य गरी कालो सूचिमा राख्नको लागि सिफारिस गर्न नपर्ने कुनै आधार र प्रमाण भए स्पष्टिकरण पेश गर्ने अन्तिम पटक १५ (पन्ध्र) दिनको समय सिमा तोकी कार्यवाही किन नगर्नु पर्न हो सो को कारण सहित स्वयंम उपस्थित हुन राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने ।